आज मिति २०८३ साल भदौ महिनाको १६ गते बिहान ८ बजे स्वर्गद्वारी नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको १०१औं बैठक बसी तपसिल बमोजिमको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

<u>उपस्थितिः</u>

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मेघराज जि.सी. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ३ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ५ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ६ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ८ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| ९ | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| १० | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| ११ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १२ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १४ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १५ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १६ | श्री शिवा देवी के.सी. | कार्यपालिका सदस्य | |
| १७ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री रेमन्त बहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रीतः

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख | |
| २ | | | |
| ३ | | | |

CamScanner

नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: १०१
मितिः २०८३/०५/१६
समयः बिहान ८ बजे
स्थानः नगरपालिकाको सभाहल

प्रस्तावहरुः

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
२. ढुङ्गा, गिट्टी, बालुवा टेन्डर सम्बन्धमा।
३. उप-प्रमुखको कामकाज जिम्मेवारी तोक्ने सम्वन्धमा।
४. डस्विन ७५ प्रतिशत अनुदान सम्बन्धमा।
५. उपल्ला नल्सी लामाचौर झलुङ्गे पुल साझेदारी सम्वन्धमा।
६. व्याकहोलोडर चालकको मासिक तलवभत्ता र व्याकहोलोडर सञ्चालन सम्वन्धमा।
७. सेवा प्रदायक संस्थाको सम्झौताको नवीकरण सम्बन्धमा।

निर्णयहरुः

निर्णय नं. १,

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८३/०४/२० र २०८३/०५/१३ गते बसेको ९९औं र १००औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्य प्रगतिका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने।

निर्णय नं. २,

प्रस्ताव नं. २ माथि छलफल गर्दा माडीखोलाको विभिन्न घाटहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, २०८२ मा उल्लेखित परिमाणलाई अध्यावधिक गरी पुनः यकिन गर्न ढुङ्गा, गिट्टी वालुवा उत्खनन, विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा (१) को खण्ड (ग) अनुसार नदीजन्य पदार्थको प्राविधिकवाट स्थलगत अध्ययन/अनुगमन गर्ने।

निर्णय नं. ३,

प्रस्ताव नं. ३ माथि छलफल गर्दा अर्को कार्यपालिका बैठकमा छलफल गरी आवश्यक निर्णय लिने।

स्वर्गद्वारी नगरपालिका २०७२

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ४,**

**प्रस्ताव नं. ४ माथि छलफल गर्दा** ७५ प्रतिशतमा अनुदानमा डस्विन वितरणको माग संकलनको पहिलो प्राथमिकता होटल व्यवसायीलाई दिने भएकोले सो होटल व्यवसायीलाई माग संकलनको लागि पत्राचार गर्ने र प्राप्त मागको आधारमा २५ प्रतिशत रकम जम्मा गरी सम्बन्धित होटल व्यवसायीलाई वितरण गर्ने।

**निर्णय नं. ५,**

**प्रस्ताव नं. ५ माथि छलफल गर्दा** लागत साझेदारीमा निर्माण हुने उपल्ला नल्सी लामाचौर झोलुङ्गे पुल निर्माणको लागि यस नगरपालिकाले वेहोर्नु पर्ने १३ प्रतिशत रकम साझेदारी रकम नगरपालिकाको अन्य संघसंस्था साझेदारी शिर्षकबाट दायित्व व्यहोर्ने।

**निर्णय नं. ६,**

**प्रस्ताव नं. ६ माथि छलफल गर्दा** नगरपालिकाको व्याकहोलोडर चालकको मिति २०८३/०४/२० मा मासिक तलवभत्ता सम्वन्धमा भएको निर्णयलाई पुर्नविचार गरी मासिक तलवभत्ता २२ हजार वनाउने र अन्य सेवा सुविधा सोही निर्णय अनुसार यथावत राख्ने साथै चालकले प्राविधिक कठीनाइ भएको अवस्थामा वाहेक दिनमा कम्तिमा आठ घण्टा अनिवार्य काम गर्नुपर्ने। व्याकहोलोडर सञ्चालन गर्दा वर्षाको समयमा नगरपालिकाका विभिन्न स्थानहरुमा पहिरो तथा अन्य कारणबाट बाटो अवरूद्ध भएमा लामाचौर-दोमहि, भिंग्री-स्वर्गद्वारी र वडा कार्यालय जोड्न बाटो प्राविधिक लागत अनुमान अनुसार नगरपालिकाको मेसिन सञ्चालन गरी अवरूद्ध हटाउने अन्य मोटर बाटोको हकमा आफ्नो कार्यक्षेत्रभित्र पर्ने वडाले आफै मर्मत गरी अवरूद्ध हटाउने।

**निर्णय नं. ७,**

**प्रस्ताव नं. ७ माथि छलफल गर्दा** सेवा प्रदायक (गैर सरकारी संस्था) मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र, प्यूठान र स्वर्गद्वारी नगरपालिका वीच झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम कार्य प्रत्यायोजन सम्बन्धी कार्यको लागि मिति २०७६/०५/२७ गते भएको सम्झौता अनुसार यस पालिका अन्तर्गतका विभिन्न झोलुङ्गे पुल सम्वन्धीका प्राविधिक, सामाजिक, व्यवस्थापन लगायतका कार्यहरु सन्तोषजनक गरेकोले सो संस्थाले उपल्लो नल्सी लामाचौर झलुङ्गे पुलको निर्माण कार्य सञ्चालन गरे पश्चात आर्थिक दायित्व सृजना हुने गरी मिति २०७९/०५/२८ गतेदेखि लागु हुने गरी ५ वर्षको लागि सम्झौता नवीकरण गर्ने।

**अन्त्यमा आजको १०१औं कार्यपालिका बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ उपदफा (२) को खण्ड (ज) बमोजिम नगर कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

स्वर्गद्वारी नगरपालिका २०७३

२०७९।५।१८

(रेमन्त बहादुर डाँगी)

प्रमुख प्रशासकीय अधिकृत